# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १ मितिः २०७५/१२/१५ गते

## भाग–२

## शुक्लाफाँटा नगरपालिका

### मदिरा विक्रि वितरण ,व्यवस्थापन तथा नियमन निर्देशिका २०७५

**प्रस्तावना**

यस शुक्लाफाँटा नगरपालिका क्षेत्रभित्र अवैध रुपमा मदिरा उत्पादन,विक्री वितरणमा रोकथाम गर्नुका साथै मदिरा विक्री बितरण कार्यलाई व्यवस्थित

र नियमन आवश्यक देखिएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम शुक्लाफाँटा नगरकार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेकोछ ।

## परिच्छेदः— १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नामः मदिरा विक्रि वितरण, व्यवस्थापन तथा नियमन निर्देशिका" २०७५ रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

**२) परिभाषा**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्न्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७५ लाई संझनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले शुक्लाफाँटा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले शुक्लाफाँटा नगरपालिकाको कार्यापालिका लाई सम्झनु पर्दछ ।

(घ) “कार्यालय” भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “मदिरा”भन्नाले फलफूल वा अन्न कुहाई वा अन्य कुनै तरिकाले तयार पारिने विदेशी वा स्वदेशी सबै किसिमको रक्सी र बियर समेतलाइ जनाउंछ ।

(च) “डिलरवाला भन्नाले” शुक्लाफाँटा नगरपालिका भित्र रक्सीको थोक बिक्री गर्ने अनुमती प्राप्त बिर्केतालाइ सम्झनु पर्दछ ।

(छ) “होटल भन्नाले“ भोजन खानपिनको प्रबन्ध भई वा नभई बसोबासको सुबिधा दिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरां समेतलाइ जनाउंछ ।

(ज) “सभा” भन्नाले नगरपालिकाको सभा लाई संझनु पर्दछ ।

(झ) “प्रमुख” भन्नाले नगर प्रमुख लाई सम्झनु पर्दछ ।

(ञ) “उप प्रमुख” भन्नाले नगरपालिकाको उप प्रमुख सम्झनुपर्दछ ।

(ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको कार्यालयको कर्मचारीको प्रमुख अधिकृतको रुपमा काम गर्न खटाईएको अधिकृतलाई संझनु पर्दछ ।

(ड)"वडा अध्यक्ष" भन्नाले तत वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ढ) "सचिव" भन्नाले शुक्लाफाँटा न.पा. कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ वडाको हकमा सम्बन्धित वडा सचिव लाई सम्झनु पर्दछ ।

(ण) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम संम्झनु पर्दछ ।

(त) "समिति"भन्नाले प्रत्येक वडामा गठित वडा स्तरिय मदिरा व्यवस्थापन समिति लाई सम्झनु पर्दछ ।

(थ) "मूल समिति" भन्नाले शुक्लाफाँटा नगरपालिकामा गठित शुक्लाफाँटा नगरपालिका मदिरा विक्रि वितरण व्यवस्थापन तथा नियमन समिति लाई सम्झनु पर्दछ ।

## परिच्छेदः२

## समिति गठन सम्बन्धि व्यवस्था

३) मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न देहाएको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिने छ ।

(क) नगरपालिकाको नगर प्रमुख -संयोजक

(ख) उप-प्रमुख -उप संयोजक

(ग) वडा अध्यक्षवाट नगर प्रमुखले तोकेका ५ जना -सदस्य

(घ) जिल्ला प्रहरी कार्यालयको प्रहरी उपरिक्षक वा निजले तोकेको प्रहरी अधिकृत -सदस्य

(ङ) स्थानिय होटेल व्यवसायीहरुको छाता संगठनको अध्यक्ष -सदस्य

(च) मदिरा नियन्त्रण सम्वन्धि कार्यरत नागरिक संघ संस्था,आमा समुह वाट २ जना(महिला सहित) नगर प्रमुखले तोकेको -सदस्य

(छ) स्थानिय उद्योग वाणिज्य संघको अध्यक्ष -सदस्य

(ज) स्थानिय मदिरा व्यवसाय समितिको अध्यक्ष -सदस्य

(छ) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

४. मूल समितिको काम कर्तव्य र अधिकार

क) मदिराको बिक्री बितरणलाई व्यवस्थित गरि नगरमा हुने विकृति विसंगतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

ग) मदिराको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस निर्देशिका लाई कडाइका साथ लागु गर्ने गराउने ।

घ) यो निर्देशिका विपरीत मदिरा विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

ङ) मदिरा विक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

५. वडा समितिको काम कारवाहीको अनुगमन गर्ने ।

६. वडा समितिको गठन मदिराको विक्री वितरण लाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाए बमोजिम वडा स्तरिय मदिरा व्यवस्थापन समिति गठन हुनेछ ।

(क) सम्वन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) सम्वन्धित वडाका वडा सदस्यहरु -सदस्य

(ग) वडा प्रहरी कार्यालयको इन्चार्ज वा निजले तोकेको प्रहरी कर्मचारी -सदस्य

(घ) सम्वन्धित वडाका टोल विकास संस्थाहरुको अध्यक्षहरु मध्ये संयोजकले तोकेको महिला सहित २ जना -सदस्य

(ङ) सम्बन्धित वडाका नागरिक संगठन, संघ संस्था,आमा समुहको प्रतिनिधि वडा अध्यक्षले तोकेको व्यक्ति -सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

७. वडा स्तरीय मदिरा व्वस्थापन समितिको काम कर्तब्य र अधिकारः

क) वडामा यस निर्देशिका वमोजिम मदिरा बिक्री वितरण सेवन भएको छ छैन सो को अनुगमन गर्ने र सो जानकारी मूल समितिलाई दिने ।

ख) यस निर्देशिका बमोजिम मदिराको विक्री वितरण सेवनलाई प्रभावकारी कार्यान्वयन गर्ने ।

ग) यस निर्देशिकाको पालन नगर्ने लाई यस निर्देशिका वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

ङ) यस निर्देशिका वमोजिम आफुले गर्नु पर्ने अन्य कार्य गर्ने ।

## परिच्छेदः३

## मदिरा व्यवस्थापन कोष सम्बन्धि व्यवस्था

८. यस निर्देशिका विपरित मदिरा विक्री वितरण र सेवन गर्ने ब्यक्तीबाट यस निर्देशिका बमोजिम उठेको जरिवाना रकमको ५० प्रतिशत वडा समितिमा र ५० प्रतिशत यस समितको बैंकमा खाता खोली छुट्टै कोष स्थापना गरिनेछ ।

क) कोषको संचालन मदिरा व्यवस्थापन कोषको संचालन नगर प्रमुख र प्रमुख प्रशासकीय  अधिकृतको संयुक्त दस्तखतबाट गरिनेछ ।

ख) वडा स्तरीय मदिरा व्यस्थापन समितिले जरिवानावाट उठाएको रकम यसै कोषमा दाखिला गर्नु पर्नेछ ।

९. (क)कोषको रकम खर्च  नगरपलिकाको निर्णय अनुसार देहाए वमोजिम खर्च गरिनेछ ।

१) गंभिर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तीलाई आर्थिक सहयोग गर्ने ।

२) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जिवीकोपार्जनका लागि आवश्यक सहयोग गर्ने ।

३) बेवारिसे ब्यक्ती मरी लाश सदगद गर्नु परेमा

४) नगरपलिकाले उचित ठहरयाएको अन्य समाजिक सेबामा ।

५) मदिरा सेवन नगर्ने जनचेतना मुलक कार्यक्रमहरुमा ।

९. (ख) वडामा रहेको ५० प्रतिशत रकम वडाले समितिको नाममा खाता खोली ,समित संयोजक तथा सदस्य सचिवको  संयुक्त दस्तखत वाट संचालन गरि आवश्यकता अनुसार खर्च गर्न सक्नेछ ।

## परिच्छेदः ४

## मदिराको बिक्री वितरण र व्यवस्थापन सम्बन्धि व्यवस्था

१०.मदिराको विक्री वितरण गर्दा समाजमा शान्ति सुव्यवस्था अमन चयन नखल्वलिने, तथा शान्ति कायम हुने गरि मात्र गर्नु पर्नेछ ।

क) मदिराको विक्री वितरण गर्दा थोक विक्रेताले विहान १० वजे देखी वेलुकी ५ वजे सम्म , खुद्रा विक्रेताले विहान १२ वजे देखी वेलुकी ७ वजे सम्म र विर्को खोली मदिरा व्यवसाय गर्नेले चिसो मौसममा दिउंसो ३ वजे देखी रात्री ९ वजे सम्म र गर्मी मौसममा दिउसो ५ बजे देखि ९:३० वजे सम्म मात्र बेच विखन गर्न पाइनेछ ।

ख) शुक्लाफाँटा नगरपालिकाले मुख्य वजार क्षेत्र तोकिएको स्थान वाहेक सार्वजनीक स्थान विद्यालय, स्वास्थ्य संस्था, मंन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्वका स्थानवाट २०० देखि ५०० मिटर सम्म वेचविखन गर्न पाईने छैन ।

ग) मदिरा विक्री वितरणको कारोवार गर्न अनुमति लिएका व्यवसायीहरुले उक्त पसल वाट सो वाहेक सोहि ठाउंमा अन्य व्यवसायको कारोवार गर्न पाउने छैन ।

घ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफुल लगायतका कुनै पनि मदिरा बाहेकका अन्य पसलवाट मदिरा विक्री वितरण गर्न पाईने छैन ।

ङ) होटेल रेष्टुरेन्टले मदिरा प्रत्यक्ष वाहिर प्रदर्शन हुने गरि राख्न पाईने छैन ।

च) मदिराको स्विकृति लिएका होटेलहरुमा खाना वास क्षेत्र वाहेक मदिरा सेवन रेष्टुरेन्ट अलगै हुनु पर्नेछ ।

छ) १८ वर्ष भन्दा मुनीका तथा ज्येष्ठ नागरिक व्यक्तिलाई मदीरा विक्री वितरण र ओसार पसार गर्न गराउन पाईने छैन ।

ज) वडा समितिले मदिरा व्यवसायको लागी सिफारिस गर्दा अनिर्वाय रुपले स्थानियहरुको उपस्थितिमा सर्जमिन गरेर उपयुक्त देखिएमा मात्र सिफारिस गर्नु पर्नेछ ।

११.कारवाही सम्बन्धी ब्यबस्थाः— यो निर्देशिका विपरित मदिरा विक्री वितरण गरेमा देहाए वमोजिम जरिवाना गरिनेछ ।

क) पहिलो पटक रु. २०००।— जरिवाना

ख) दोश्रो पटक रु.३०००।— जरिवाना

ग) तेश्रो पटक रु.७०००।— देखि १५०००।- जरिवाना

घ) सो भन्दा वढी पटक भएमा इजाजत पत्र खोरज गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

१२.यस निर्देशिका विपरित मदिरा सेवन गरि समाजमा शान्ति सुव्यवस्था अमन चयन खल्वल्याउने, झै—झगडा गर्ने, हो हल्ला गर्ने जस्ता कार्य गरेको÷हिडेको पाइएमा देहाए बमोजम जरिवाना गरिनेछ ।

क) पहिलो पटक लाई रु.१०००।—   जरिवाना

ख) दोश्रो पटक लाई रु.१५००।— जरिवाना
ग) तेश्रो पटक लाई रु. २०००।— देखि ३०००।- जरिवाना
घ) सो भन्दा वढी पटक भएमा ५०००।— जरिवाना गरिनेछ ।

१२.२ शुक्लाफाँटा नगरपालिका कार्यालयमा कार्यरत कर्मचारी तथा स्वयमसेवीका आमा समुह लगायत विना ईजाजत वा अनुमति विना मदिरा वेचविखन गर्ने वा कर्मचारीले कार्यालय समयमा सेवन गरेको पाईएमा यसै निर्देशिकाको दफा १२ मा भएको दण्ड जरिवाना सहित थप कार्यवाही गर्न सक्नेछ ।

१२.३ यदी कुनै व्यीक्तले उपरोत्त अनुसारको जरिवना तिर्न नचाहे निजलाई वडा कार्यालय तथा नगरपालिका वाट प्राप्त सेवा सुविधा रोक्का राखी कार्यवाही गर्न सक्नेछ ।

१२.४वडा कार्यालयवाट मदिरा व्यवसायका लागी सिफरिस माग गर्दा टोल विकास संस्थाको सिफरिस,आमा समुहको सिफारिस तथा सर्जमिन मुचूल्का आवश्यक

१३.नगरवासीको कर्तब्यः यो निर्देशिकालाइ परिपालन गर्नु गराउनु प्रत्येक नगरबासीको कर्तब्य हुनेछ ।

१४.यो निर्देशिका लागू गर्नु पूर्व सर्व साधारणको जानकारीको लागि स्थानीय पत्र पत्रिकामा प्रकाशित गरिनेछ ।

१५.निर्देशिका अन्तरगत रहि यो निर्देशिका कार्यन्वयन गर्न नगरपलिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

१६. मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमनका लागी नगरपालिकाले आवश्यकता अनुसार कार्यविधी बनाइ लागु गर्न सक्नेछ ।

**आज्ञाले,**

**विशनसिंह थापा**

**प्रमुख प्रशासकीय अधिकृत**